नेपाल पत्रकार महासंघ
नेपाल पत्रकार महासंघ केन्द्रीय समिति सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

मितिः२०७५/०४/०३

## प्रेस विज्ञप्ति

जुम्लामा अनसनरत डा. गोविन्द के. सी. को अनसनको समर्थनमा भएको आन्दोलनको समाचार संकलनका क्रममा पत्रकारमाथि सुरक्षाकर्मीबाट भएको दुर्व्यवहार र कुटपिटको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

आज दिउँसो डा. केसीलाई सरकारद्वारा जुम्लाबाट काठमाडौं ल्याउने क्रममा भएको आन्दोलनको समाचार संकलनका क्रममा सुरक्षाकर्मीको पिटाइबाट कान्तिपुरका सम्वाददता एलपी देवकोटाको ढाड र खुट्टमा चोट लागेको थियो भने एपीवान टेलिभिजनका सम्वाददाता प्रकाश उपाध्यायको ढाडमा चोट लागेको छ । समाचार संकलनका क्रममा सुरक्षाकर्मीले पत्रकारको सञ्चार सामग्री खोस्ने, उनीहरुलाई धकेल्ने र दुर्व्यवहार गर्ने समेत काम भएको थियो ।

नागरिकलाई सुसूचित गराउने पेशागत धर्म निर्वाह गरिरहेका पत्रकारमाथि सुरक्षाका नाममा सुरक्षाकर्मीबाट भएको यो ज्यादती प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप हो । पत्रकारको पेशागत स्वतन्त्रतालाई हतोत्साहित बनाउने यो घटनाको महासंघ कडा भर्त्सना गर्दछ । घटनाको छानबिन गरी दोषीमाथि कारबाही गरी पत्रकारलाई स्वतन्त्र र सुरक्षित पत्रकारिता गर्ने वातावरण बनाउन स्थानिय प्रशासनसँग माग गर्दछ ।

साथै, चिकित्सा क्षेत्रको सुधारको माग राख्दै विगत १९ दिनदेखि अनसनरत डा. गोविन्द के.सी.को जायज माग पूरा गरी उहाँको जीवन रक्षा गर्न महासंघ सरकारको गम्भीर ध्यानाकर्षण गराउँद छ ।

यसैबीच समय सन्दर्भ मासिक पत्रिकामा प्रकाशित समाचारको विषयलाई लिएर उक्त मासिकका सम्पादक डिल्लीराम भट्टराईमाथि बौद्धस्थित चाइनिज पिपुल्स हस्पिटल प्रा. लि. का सञ्चालकहरूबाट गरिएको कुटपिट र क्यामेरा तोडफोडको घटनाको महासंघ भर्त्सना गर्दछ । र, घटनामा संलग्न दोषीहरुमाथि कडा कारबाही गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-४११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org